# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १९८ | काठमाडौं | शनिबार, २ मंसिर २०८० | Prabhab National Daily | Saturday, November 18, 2023 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५/-




जनकपुरधामको धनुष सागरमा छठ पूजाका लागि सजाइएको छठ घाट । *तस्बिरः चन्द्रदेव साह⁄रासस*

# मिथिलामा छठको उल्लास

■ **गोपालप्रसाद बराल**

**महोत्तरी–** छठ पर्वले मधेसका महोत्तरीसहितको मिथिला क्षेत्र अहिले धपक्क बलेको छ । यहाँका सहर र गाउँबस्ती सजिएका छन् । जलाशयमा बनाइएका चित्ताकर्षक घाट र त्यहाँको चहलपहलले सबैलाई आकर्षित गरेको छ । विभिन्न रङका कलात्मक बिजुलीको उज्यालोले मिथिला क्षेत्र जगमगाएको छ ।

मिथिलाका बासिन्दा सडक, ढल सफा गर्न जुटेका छन् । गाउँ बस्तीका कच्ची घर पनि अहिले नयाँ माटोले लिपपोत गरिएपछि टिलिक्क भएका छन् । विपन्न वर्गमा दुःख भए पनि अहिलेलाई त्यो लुकेको छ । गाउँका गरिब अभाव, दुःख र अन्य पीडा बिर्सेर खुसी साटिरहेका देखिन्छन् ।

भगवान् सूर्य र षष्ठी देवीको उपासना गरिने यो पर्वका लागि पवित्र जलाशयमा सुन्दर घाट बनाइएका छन् । जलाशयमा कम्मरसम्म डुब्ने पानीमा आसन जमाएर सूर्यलाई अर्घ्य दिइने परम्पराको यो पर्वमा घाटस्थलहरू बेहुलीझैं सिंगारिएका छन् । बिहीबार कात्तिक शुक्ल तृतीयाका दिन 'अरबाअरबाइन' विधिबाट पर्वको तयारी थालेका व्रतालुले शुक्रबार कात्तिक शुक्ल चौथीका दिन 'नहाय-खाय' विधि गरेका छन् । 'नहाय-खाय' विधि व्रत संकल्पका लागि पवित्र स्नान गरेर चोखोनीतो खाएर व्रतको पूर्वतयारीसँग जोडिने यहाँका पाका मैथिल बताउँछन् ।

> पर्वको मुख्य दिन षष्ठी तिथिमा निराहार व्रत बसेर साँझपख पवित्र जलाशयमा गई अस्ताउँदा सूर्यलाई अर्घ्य दिने 'सझुका अरख' सम्पन्न गरिन्छ । अन्तिम दिन सप्तमीका दिन बिहान उदाउँदा सूर्यलाई अर्घ्य दिने 'भोरका अरख' विधि भएपछि पर्व समापन गरिने परम्परा छ ।

पर्वको तयारीले मिथिला क्षेत्रका गाउँ नगरबस्तीमा भगवान् सूर्य र छठी माताको भक्तहरूप्रति करुणा वर्षिएको भावका गीत लगातार गुञ्जिरहेका छन् । पर्व सुरु भएसँगै यस भेगका सबै दैनिक गतिविधि पनि छठ केन्द्रित भएका छन् । यसले सम्पूर्ण परिवेश नै छठमय बनेको छ ।

पर्वको मुख्य दिन निराहार व्रत गरिने षष्ठी तिथि भए पनि त्यसपूर्व नै मिथिलाको सम्पूर्ण परिवेश छठमय बनेको छ । पर्वको तयारीमा रहेका व्रतालुमात्र नभएर मैथिल जनजीवनका सबैजसो गतिविधि पर्वकै तयारीमा केन्द्रित छन् ।

छठपर्वमा उखु, केरा, अदुवा, बेसार, ज्यामिर, भोगटेसहितका कृषि उपज पूजा सामग्री मानिँदै आएका छन् । यसले थोरै जग्गा भएका गरिबले करेसाबारीमै उब्जाएका यी फसलले राम्रो बजार पाउने गरेका छन् । (**बाँकी पष्ठ २ मा**)

# अर्थतन्त्र सुधार्न 'गोलमेच बैठक'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कमजोर बन्दै गएको मुलुकको अर्थतन्त्र सुधार्न सरकारले प्रभावकारी काम गर्न नसकेको भन्दै आलोचना भइरहेको छ । यद्यपि, सरकारले भने अर्थतन्त्र सुधारको बाटोमा अघि बढिसकेको दाबी गर्दै आएको छ । यहीबीच प्रधानमन्त्री पुष्पकमल दाहालले अर्थतन्त्र सुधारका लागि भन्दै नयाँ रणनीति अघि सारेका छन् । उनले अर्थतन्त्रको बिग्रँदो अवस्था सुधार गर्न भन्दै आगामी सोमबारका लागि गोलमेच बैठक डाकेका छन् ।

प्रधानमन्त्री दाहालले गएको कात्तिक १५ गते अर्थतन्त्र सुधारका लागि गोलमेच बैठक राख्ने बताएका थिए । गत पुसमा प्रधानमन्त्री भएयता दाहालले रेमिटचान्स बढेकाले अर्थतन्त्र सुधारको बाटोमा रहेको दाबी गर्दै आएका थिए । विदेशी मुद्राको सञ्चिति र विप्रेषणलाई सरकारले अर्थतन्त्र सुधार भइरहेको संकेतको रूपमा प्रस्तुत गरेका थिए । तर, पेरिसडाँडामा आयोजित उपत्यकाका केन्द्रीय सदस्यहरूको बैठकमा दाहालले अर्थतन्त्र दबाबमुक्त नरहेको उल्लेख गर्दै गोलमेच बैठक गर्ने घोषणा गरेका थिए ।

'हामीले सरकारको नेतृत्व गर्ने बेला अर्थतन्त्र निकै अप्ठ्यारो अवस्थामा थियो । तर, सरकारको मिहेनतका कारण अर्थतन्त्र संकटमुक्त भएको छ । (**बाँकी पष्ठ २ मा**)



> अर्थतन्त्र सुधार्न मैले मंसिर ४ गते बृहत् बैठक बोलाएको छु । त्यो बैठकमा अर्थतन्त्रमा गति ल्याउने विषयमा गम्भीर छलफल हुने छ । उक्त बैठकले ठोस प्याकेज घोषणा गर्नेछ र अर्थतन्त्रमा सुधार ल्याइने छ ।
>
> ■ **पुष्पकमल दाहाल**
> प्रधानमन्त्री

## 'प्रदेशले चाँडै प्रहरी पाउँछ'

प्रधानमन्त्री पुष्पकमल दाहालले केही समयभित्रै प्रदेशले प्रहरी पाउने बताएका छन् । तनहुँको आँबुखैरेनी गाउँपालिकामा निर्माण भएको आँबुखैरेनी अस्पतालको उद्घाटन गर्दै दाहालले यसका लागि प्रहरी समायोजन ऐन बनिसकेको बताए ।

'प्रहरी समायोजन ऐन त बनिसकेको छ । खाली कार्यान्वयनको कुरामात्रै हो । गएको तीन⁄चार दिन लगातार प्रहरी, गृह मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा लगातार छलफलमा छु,' प्रधानमन्त्री दाहालले भने ।

केही दिनभित्रै प्रहरी समायोजन ऐन कार्यान्वयनमा आउने र प्रदेशसँग लाठी हुने उनको दाबी थियो । 'लाठी नभइकन सरकार हुँदैन । जोसँग सेना छैन, पुलिस छैन, उसले ल एण्ड अर्डर मेन्टेन कसरी गर्छ ? लाठी हुने छ,' दाहालले भने । (**बाँकी पष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# दक्ष जनशक्ति उत्पादन गर्न व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकमा बेरोजगारीको समस्या बढ्दो छ । सोही कारण युवाहरू रोजगारीका लागि विदेशिने क्रम बढिरहेको छ । यही समय मुलुकभित्रका व्यापारिक संस्थाहरूमा भने दक्ष जनशक्तिको अभाव देखिन्छ । मुलुकभित्र सञ्चालित उद्योगहरूमा काम गर्ने अधिकांश कामदार भारतबाट ल्याउनुपर्ने बाध्यता रहेको बताइन्छ । यसो हुनुमा एक त दक्ष जनशक्ति तयार नहुनु र अर्कोतर्फ युवाहरू स्वदेशमै काम गर्नुभन्दा विदेशमा जान बढी इच्छुक हुनु मुख्य कारण भएको जानकारहरू बताउँछन् ।

यहीबीच सरकारले मुलुकभित्र र बाहिर आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने पहल थालेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दक्ष, प्रतिस्पर्धी सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने उद्देश्यले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन गरेको छ । प्रतिष्ठानले विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने⁄गराउने मन्त्रालयले बताएको छ ।

यही कात्तिक २३ गते बसेको मन्त्रिपरिषद बैठकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा आवश्यकता अनुरूप दक्ष, प्रतिष्पर्धी सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न, गराउनका लागि उक्त समिति (गठन) आदेश २०८० स्वीकृत गर्ने निर्णय गरेको हो । उक्त प्रतिष्ठानमा एक अधिकार सम्पन्न सञ्चालक समिति रहने र प्रतिष्ठानको प्रशासकीय प्रमुखको रूपमा एक जना कार्यकारी निर्देशक रहने व्यवस्था रहेको मन्त्रालयलका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरले जानकारी दिए ।

'प्रतिष्ठानलाई श्रमबजारको मागबमोजिमको प्रशिक्षणको विषय पहिचान र छनोट गर्ने, प्रशिक्षणको पाठ्यक्रम तथा मापदण्ड स्वीकृत गरी लागू गर्ने, प्रतिष्ठानले सञ्चालन गरेको प्रशिक्षण कार्यक्रमको सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्ने गराउने जिम्मेवारी दिइएको छ,' उनले भने ।

यसैगरी बाह्य तालिम प्रदायक संस्थाहरूको दर्ता, आबद्धता, सूचीकरण, अनुगमन निर्देशन र आवश्यक समन्वय तथा नीतिगत व्यवस्था गर्ने, प्रतिष्ठानबाट सञ्चालन हुने प्रशिक्षणलाई अन्तर्राष्ट्रिय संघसंस्थाबाट मान्यता दिलाउन आवश्यक व्यवस्था मिलाउने, स्वदेशी रोजगारदाता कम्पनी, गन्तव्य मुलुक, तालिम प्रदायक अन्य संस्थासँग समन्वय गरी प्रशिक्षणको आवश्यक व्यवस्था मिलाउनेसम्मको अधिकार प्रतिष्ठानलाई दिइएको छ ।

'यस प्रतिष्ठानबाट आगमी दिनमा छ महिना अवधिसम्मको व्यावसायिक र सीपमूलक तालिम सञ्चालन गरिने छ । यस प्रयोजनका लागि पाठ्यक्रम तयार गर्ने, सीपमूलक तालिम सञ्चालन गर्ने सीपको परीक्षण गर्ने र प्रमाणपत्र जारी गर्ने कार्यसमेत यो प्रतिष्ठानबाट गरिने प्रावधान राखिएको छ,' मन्त्रालयले जनाएको छ ।

# श्रमविज्ञ गुरूङको संयोजकत्वमा विज्ञ समिति गठन

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमविज्ञ डा. गणेश गुरूङको संयोजकत्वमा विज्ञ समिति गठन गरेको छ । समितिलाई सामाजिक सुरक्षा, रोजगारीको अवसरलगायतका विषयमा अध्ययन गर्ने जिम्मेवारी तोकिएको मन्त्रालयले जनाएको छ।

'समितिले जलवायु परिवर्तन, सामाजिक सुरक्षा, रोजगारीका अवसरलगायतका



विविध विषयमा छलफल एवं अध्ययन गरी संलग्न प्रारम्भिक मस्यौदालाई अन्तिम रूप दिने छ,' मन्त्रालयका एक अधिकारीले भने, 'उक्त समितिले दिएको सुझावको आधारमा मन्त्रालयले कार्यक्रम अगाडि बढाउने छ ।'

विज्ञ समितिमा डा. केशव बस्याल, प्रतिमा शर्मा, जुना माथेमा र मञ्जु गुरूङ सदस्य छन् । श्रम मन्त्रालयको प्रशासन शाखाका उपसचिवलाई सदस्यसचिवको जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ ।

समितिमा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), आप्रवासनका लागि अन्तरराष्ट्रिय संगठन (आइओएम), रिटर्नी नेटवर्क, वैदेशिक रोजगार व्यवसायी संघलगायतका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा राखिएको मन्त्रालयको भनाइ छ ।




पृष्ठ १ को क्रमशः

## मिथिलामा छठको ...

पर्वका अन्य आवश्यकता आफ्नो करेसाबारीका यिनै उपज बेचेर सजिलै पूरा गरिएको आफैं पनि छठ व्रत बसेकी महोत्तरीको भंगाहा नगरपालिका-४ रामनगरकी हेमकली थारु बताउँछिन् ।

काम गर्न टाढा पुगेका परिवारजन पर्वका लागि घर आएका छन् । पर्वले सबै परिवारजन र आफन्तसँग भेटघाट गराएको छ । यसअघिका जीवनमा भोगिएका सबै अभाव र दुःख बिर्सेर सबै आफ्नो क्षमताअनुसार पर्व मनाउन जुटेका छन् । छठको अर्को विशेषता घर परिवेशको स्वच्छता एवं शुद्धता रहेको यस भेगका बुढापाका बताउँछन् । 'आर्थिक रूपमा कोही सम्पन्न वा कोही गरिब हुन सक्छन्,' महोत्तरीको भंगाहा नगरपालिका-६ हतिसर्वा संग्रामपुरका बासिन्दा ६५ वर्षीय राजकिशोर यादव भन्छन्, 'तर घर परिवेशको स्वच्छता र सरसफाइमा सबैले ध्यान दिएका छन् ।'

पर्वको अर्को सामाजिक विशेषता आपसी मनोमालिन्य हट्नु र प्रेमभाव देखिनु रहेको छठ तयारीलाई नजिकबाट नियालेका अन्य फरक धर्मावलम्बीको बुझाइ छ । 'एक ठाउँमा बसेपछि गृहस्थ जीवनमा ठाकठुक त कहिलेकाँही पर्छ,' जिल्लाको बलवा नगरपालिकाको रौजाका बासिन्दा सामाजिक, राजनीतिक कार्यकर्ता इस्लाम धर्मावलम्बी मन्सुल कवारी भन्छन्, 'तर छठ पर्वको तयारी सुरु भएपछि बोल्न छाडेका छिमेकी पनि विनम्र भएर कुराकानी गर्ने गर्छन् ।' पर्वमा शुद्धता, स्वच्छता, श्रद्धा र निष्ठाको मूलभाव रहने भएकाले नै छठ पर्वभरि सामाजिक किचलो र झैझगडा पनि कम देखिने, सुनिने गरिएको महोत्तरीकै जलेश्वर-६ बखरी बस्तीका बासिन्दा यस क्षेत्रका प्रसिद्ध साहित्यकार ८४ वर्षीय पूर्वप्रशासक महेश्वर रायको ठम्म्याइ छ । खासगरी मिथिलामा छठ पर्व नजिकिएसँगै सामाजिक, सांस्कृतिक र पारिवारिक परिवेश नै संगीतमय र भक्तिमय बन्ने गरेको छ ।

विधिको गणनाले कात्तिक शुक्ल तृतीयादेखि सप्तमीसम्म पाँच दिनको हुने यो पर्वमा क्रमशः अरबाअरबाइन, नहाय-खाय, खरना, सझुका अरख र भोरका अरख मुख्य विधि मानिन्छन् । तृतीयाका दिन व्रतालुले उसिना चामल, माछामासु, कोदो, लसुन-प्याज खान छाड्छन् । यसलाई 'अरबाअरबाइन' भनिन्छ । चौथीका दिन व्रतालुले हात गोडाका नङ काटेर स्नान गरेर व्रत संकल्प गर्दै चोखो खान्छन् । यो विधिलाई 'नहाय-खाय' भनिन्छ । त्यसैगरी पञ्चमी तिथिमा राति एक छाकमात्र अलिनो खानेकुरा खाएर व्रतालुले 'खरना' विधि गर्दछन् । पर्वको मुख्य दिन षष्ठी तिथिमा निराहार व्रत बसेर साँझपख पवित्र जलाशयमा गई अस्ताउँदा सूर्यलाई अर्घ्य दिने 'सझुका अरख' सम्पन्न गरिन्छ । अन्तिम दिन सप्तमीका दिन बिहान उदाउँदा सूर्यलाई अर्घ्य दिने 'भोरका अरख' विधि भएपछि पर्व समापन गरिने परम्परा छ ।

नेपाली समाजमा अझै निर्मूल हुन बाँकी जातीय छुवाछुत् र उचनिचको भेदभाव पनि यो पर्वमा सबैका निम्ति समान छ । 'छठ घाटमा फरक जाति समुदायका व्रतालु आ-आफ्ना पूजा र प्रसाद सामग्री फिजाएर बस्छन्, यो बेला को छुत को अछुत भन्ने कसैले वास्ता गर्दैनन,' भंगाहा-३ का बासिन्दा समाजशास्त्री शिवराज दाहाल भन्छन्, 'छठ पर्वमा देखिने यो अति नै सुन्दर पक्ष लाग्छ ।'

दाहाल अगाडि भन्छन्, 'अन्य बेला उचोनिचो भनेर नाक खुम्च्याउने पनि सप्तमीका दिन बिहान घाटमा पर्व सम्पन्न गरेपछि दलित समुदायका व्रतालुले कथित उपल्लो जाति समुदायका भनिने दर्शकलाई प्रसादस्वरूप ठकुवा, भुसुवा दिने र पाउनेले खुसीसाथ ग्रहण गरेका देखिन्छ ।'

केही वर्ष पहिलेसम्म मधेसी मूलका हिन्दूहरूले मात्र मनाउँदै आएका यो पर्व अब पर्वते मूलका हिन्दू र इस्लाम धर्मावलम्बीले मनाउन थालेपछि छठ पर्व साझा बनेको यस क्षेत्रका वुद्धिजीवीको भनाइ छ । इस्लाम धर्मावलम्वीले भाकल गरेर अर्घ्य र प्रसाद सामग्री सूर्यलाई देखाइ दिन व्रतालु हिन्दूलाई अराएका बाक्लै देखिन्छ । अब छठ पर्व मुलुकको राजधानीसहित विभिन्न भेगमा धुमधामसँग मनाउन थालिएसँगै राष्ट्रिय पर्व बनेको आम मैथिल गर्वसाथ बताउँछन् । *रासस*

पृष्ठ १ को क्रमशः

## अर्थतन्त्र सुधार्न...

विदेशी मुद्राको सञ्चिति, राजस्व संकलन र परिचालन, पर्यटक आगमन, विप्रेषणलगायतका क्षेत्रका सूचक हेर्दा हामी प्रगतितिरै छौं,' उनले भनेका थिए, 'तर, अर्थतन्त्र अझै पनि दबाबमुक्त भइसकेको छैन । अर्थतन्त्रको दबाब हटाउने कुरा हाम्रा लागि सबैभन्दा ठूलो कार्यभार हुन आएको छ ।'

यो दबाब हटाउन टालटुले तरिकाले नहुने उनको भनाइ थियो । 'सामान्य वा टालटुले तरिकाले अर्थतन्त्रको दबाब हट्दैन भन्ने मलाई राम्रोसँग हेक्का छ । तसर्थ, छिट्टै नेपाल सरकारका सबै मन्त्रीहरू, सचिवहरू, निजी क्षेत्रका प्रतिनिधिहरू र आर्थिक क्षेत्रका विज्ञहरूको बृहत् बैठकको आयोजना गर्छौं,' प्रधानमन्त्रीले भनेका थिए । सोही गोलमेच बैठकको मिति प्रधानमन्त्री दाहालले शुक्रबार तनहुँको आबुखैरनी पुगेर घोषणा गरेका हुन् ।

'मंसिर ४ गते (सोमबार) मैले अर्थतन्त्र सुधार्न बृहत् बैठक बोलाएको छु । त्यो बैठकमा अर्थतन्त्रमा गति ल्याउने विषयमा गम्भीर छलफल हुने छ,' तनहुँको आँबुखैरेनी गाउँपालिकाको कार्यालयमा शुक्रबार आयोजित आँबुखैरेनी अस्पताल उद्घाटन कार्यक्रममा सहभागी दाहालले भने । बैठकले ठोस प्याकेज घोषणा गर्नेसमेत उनले बताए । 'उक्त बैठकले ठोस प्याकेज घोषणा गर्नेछ र अर्थतन्त्रमा सुधार ल्याइने छ,' दाहालले भने ।

बैठकमा विज्ञहरूबीच अन्तरक्रिया हुने र उक्त भेलाको निष्कर्षलाई कार्ययोजनामा ढाल्न विज्ञहरूको टिम बनाएर सोहीबमोजिम नीति र कार्यक्रम बनाउने उनले बताए । प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यकाअनुसार राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयय र नेपाल राष्ट्र बैंकसँग छलफल गरी बैठकको मिति तय गरिएको हो । 'आन्तरिक अर्थतन्त्रको अवस्थाबारे प्रधानमन्त्री चिन्तित हुनुहुन्छ । यस विषयमा योजना बनाउन बृहत् सम्मेलन गर्ने प्रधानमन्त्रीको चाहना हो,' आचार्यले भने, 'अर्थविद्हरूबाट सल्लाह लिएर उहाँले यस विषयमा एउटा विज्ञको टिम बनाउनुहुन्छ । यही टिमबाट भावी रणनीति बनाउने भन्ने छ ।'

### बजेट निर्माण प्रक्रियामा असन्तुष्टि

प्रधानमन्त्री दाहाल बजेट निर्माण प्रक्रिया नमिलेको कारण देशको अर्थतन्त्र ओरालो लागेको बताउँछन् । पार्टीको बैठकमा दाहालले यसबारे असन्तुष्टिसमेत पोखे । 'हाम्रो बजेट बनाउने प्रणाली र प्रक्रियाले अर्थतन्त्रलाई सहयोग गरेको छैन । परम्परागत ढंगले बनाइने नीति, कार्यक्रम र बजेटले देशको समस्या सम्बोधन गर्न सक्दैन,' पेरिसडाँडामा उनले भनेका थिए, 'नीति कार्यक्रम पेस गरेपछि संशोधन नै नहुने, बजेट प्रस्तुत भएपछि रातो किताब हेरफेर नै नहुने हाम्रो प्रणाली र तरिका गलत छ ।'

आउँदो बजेटबारे अहिलेबाटै छलफल हुनुपर्ने तर्कसमेत दाहालको रह्यो । 'लोकतन्त्रमा सबै प्रस्तावहरूमाथि छलफल हुन्छ, अन्तरक्रिया हुन्छ र संशोधन पनि हुन्छ । तसर्थ, आगामी वर्षको नीति, कार्यक्रम र बजेटको तयारी अहिलेदेखि नै गर्नुपर्छ,' दाहालले भनेका छन्, 'पहिला नीति, कार्यक्रम प्रस्तुत गर्ने, त्यसमाथि संसद्भित्र र बाहिरसमेत गम्भीर बहस गरेरमात्र संशोधनसहित पारित गर्नुपर्छ । बजेट पनि प्रस्तुत हुनेबित्तिकै हेरफेर नभई पारित हुने पद्दति बदल्नुपर्छ । यसपटक हामी बदल्छौं ।'

पृष्ठ १ को क्रमशः

## प्रदेशले चाँडै...

प्रधानमन्त्री दाहालले प्रदेश र स्थानीय तहलाई अधिकारसहित बलियो बनाउने वचनसमेत दिए । प्रदेश सरकार बलियो बनाउन प्रहरी समायोजन ऐन, निजामती ऐन र शिक्षा ऐन आवश्यक भएको बताउँदै प्रधानमन्त्री दाहालले थपे, 'यी ऐन भएमात्रै प्रदेश सरकार बलियो हुन्छ, नत्र बलियो हुँदैन । प्रदेश सरकार भएको अनुभूति जनतालाई दिलाउन सकिएन भने प्रदेशको महत्वबारे बुझाउन सकिँदैन ।' प्रधानमन्त्री दाहालले तीनवटै ऐन कार्यान्वयनमा आउने दाबीसमेत गरे ।


# FREE VISA! FREE TICKET!! FREE RECRUITMENT !!! (Zero Cost) सहित साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL FAHHAD ZEGWAARD CO.(ONE PERSON COMPANY)
पूर्व स्वीकृति मिति २०८०/०८/०१ LT. No. 295012 चलानी नं. ६०२१००७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 3 | 0 | 2500 | ८८,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 17 | 0 | 1800 | ६३,९०० | | | | | | | |
| 3 | Manufacturing Worker | 27 | 0 | 1000 | ३५,५०० | | | | | | | |
| 4 | Pickup Truck Driver | 1 | 0 | 1800 | ६३,९०० | | | | | | | |
| 5 | Worker | 5 | 0 | 1000 | ३५,५०० | | | | | | | |

कम्पनी : LATINEM FACILITIES MANAGEMENT L.LC.
पूर्व स्वीकृति मिति २०८०/०८/०१ LT. No. 294905 चलानी नं. ६०२१००६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 105 | 0 | 800 | २९,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Female Cleaner | 0 | 7 | 1100 | ३९,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८० मंसिर ९ गते (25th. Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धी व्यतवस्थाः रु. १,५००/- रोजगारदाता कम्पनीले सेवा शुल्कः निःशुल्क

१) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । २) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ३) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ४) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOUNDLINES RECRUITMENT (P.) LTD.
Mahalaxmi-14,Thashikhel, Lalitpur, Tel: 01-5193236/37/38/39
Email : nepal@soundllinesgroup.com, Web: www.soundlinesnepal.com
Lic No. : 572/063/64
CREATING VALUE THROUGH PEOPLE



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ROUDAH GREEN HOUSE FACTORY
पूर्व स्वीकृति मिति २०८०/०८/०१ LT. No. 295006 चलानी नं. ६०२१००९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee | 2 | 0 | 1000 | ४५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : JASMINE CORNER CAFE SERVES DRINKS
पूर्व स्वीकृति मिति २०८०/०८/०१ LT. No. 294993 चलानी नं. ६०२१००९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ४५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर ९ गते (25th. Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np
श्रम इजाजत नं. १०००/०६८/०६९



# युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TANMYAH SERVICES L.L.C.
पूर्व स्वीकृति मितिः २०८०/०७/२४ LT. No. 294902 चलानी नं.६०२१०००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Technician | 50 | 0 | 1000 | ३६,२५० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर ९ गते (25th. Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Solar H.R. Management Pvt. Ltd.
(साविक Baba Human Resource Management Pvt. Ltd.)
Govt. License No. 1367/074/75
Head Office: New Baneshwor, Kathmandu, Nepal, Tel: +977-1-4792482, 4792549
Branch Office: Pokhara (061-590736), Itahari (025-587645)
E-mail : info@solarhrmnepal.com



# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SATELITE 33 SDN BHD
पूर्व स्वीकृति मितिः २०७९/१२/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०१ LT. No. 283411 चलानी नं. ६०१९९२२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Crew | 2 | 0 | 1500 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर ९ गते (25th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nepal Recruitment Consultancy Pvt. Ltd.
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DALA AL ASEEL INSTITUTE FOR FOOD SERVICES
पूर्व स्वीकृति मिति २०८०/०४/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०१ LT. No. 289869 चलानी नं. ६०२०९९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 12 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर ९ देखि ११ गते (25-27th Nov. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com


# गंगटे-समुन्द्रटार-गोल्फुभञ्ज्याङ (४३ कि.मि.) सडक खण्डको स्तरोन्नतिका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/०२)

बागमती प्रदेश, नुवाकोट जिल्लाको लिखु गाउँपालिका, सुर्यगढी गाउँपालिका, तादी गाउँपालिका र दुप्चेश्वर गाउँपालिकामा सडक डिभिजन नुवाकोट, सडक विभागद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सडक डिभिजन, नुवाकोट<br>बिदुर, नुवाकोट<br>फोन नः ०१०-५६०२५३<br>ई-मेलः rd_nuwakot@dor.gov.np |
| **प्रस्तावको व्यहोरा** | गंगटे-समुन्द्रटार-गोल्फुभञ्ज्याङ (४३ कि.मि.) सडक खण्डको स्तरोन्नति आयोजना<br>फर्मेसन (Formation) चौडाईः ९.० मि.<br>क्षेत्राधिकार (Right of Way): ३० मि. (१५ मि. दुवैतिर)<br>सडकको लम्बाई : ४३ कि.मि.<br>प्रस्तावित सडकको सतह : DBST / RCC |
| **प्रभाव पर्न सक्ने जिल्ला/ गा.पा./वडा** | नुवाकोट जिल्लाः<br>लिखु गाउँपालिका वडा नं १,२ सुर्यगढी गाउँपालिका वडा नं ५<br>तादी गाउँपालिका वडा नं २,३,४,५,६ दुप्चेश्वर गाउँपालिका वडा नं २,३,४,६ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको गाँउपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्याक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| ***प्रस्तावकको नाम र ठेगानाः*** | ***सम्बन्धीत मन्त्रालयको नाम र ठेगानाः*** | ***परामर्शदाताको नाम र ठेगानाः*** |
|---|---|---|
| सडक डिभिजन, नुवाकोट<br>बिदुर, नुवाकोट<br>फोन नः ०१० -५६०२५३<br>ई-मेलः rd_nuwakot@dor.gov.np | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं<br>फोन नं.:०१-२११७३२<br>ई-मेलः info@mopit.gov.np | एस. ए. आर. पी. ईन्जिनियरिङ प्रा. लि.<br>ठेगानाः थिमी, भक्तपुर, नेपाल<br>फोन नं.: ९८४९६९४५८५<br>ई-मेलः sarp.amsa@gmail.com |


# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TITANIUM MIX CONCRETE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०१ LT. No. 278616 चलानी नं. ६०१९४२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 30 | 0 | 1500 | ४२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर ९ गते (25th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



# कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SBC GENERAL TRADING & CONTRACTING COMPANY WLL
पूर्व स्वीकृति मिति २०७८/१०/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०१ LT. No. 256839 चलानी नं. ६०१७३३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper (Labour) | 28 | 0 | 95 | ३७,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Scaffolder | 7 | 0 | 110 | ४३,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १० गते (26th. Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७



# MACAU मा वैदेशिक रोजगारको अवसर

कम्पनी : RCG HUMAN RESOURCE CONSULTING LIMITED
पूर्व स्वीकृति मिति २०८०/०२/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०१ LT. No. 287158 चलानी नं. ६०२०२५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MOP | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basement, Baggage Services Agent | 3 | 0 | 8240 | १३८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | १ वर्ष |
| 2 | Cabin Service Agent | 3 | 0 | 7180 | ११७,१४५ | | | | | | | |
| 3 | Cargo Service Agent | 3 | 0 | 8240 | १३८,४४० | | | | | | | |
| 4 | Load Control Centre Services Agent | 3 | 0 | 8980 | १४६,५१५ | | | | | | | |
| 5 | Passenger Service Agent | 10 | 0 | 8980 | १४६,५१५ | | | | | | | |
| 6 | Ramp Service Agent | 3 | 0 | 7400 | १२०,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर ९ गते (25th. Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | जाँदा कामदारले/फर्किंदा रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ८०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AP OVERSEAS PVT. LTD
Govt. License 826/066/67
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4388574, 4388485,E-mail: info@apoverseas.com.np
Website : www.apoverseas.com.np

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला | ११४७०० | ११४१५० | १४०० |

# बूढीगण्डकीको निर्माण तथा वित्तीय व्यवस्थापनको ढाँचा तय गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण तथा वित्तीय व्यवस्थापनको ढाँचा तय गर्नका लागि आवश्यक छलफल सुरुआत गरेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले तत्काल सो आयोजनाको निर्माण प्रक्रियाका लागि आवश्यक काम सम्पन्न गर्न निर्देशन दिएपछि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले आवश्यक छलफल थालेको हो । सो आयोजनाको कूल क्षमता एक हजार दुई सय मेगावाट बराबर छ ।

आयोजनाका लागि नै खर्च हुने गरी मन्त्रिपरिषद्ले हालै पेट्रोलियम पदार्थ आयातका क्रममा भन्सार विन्दुमा नै प्रतिलिटर रु पाँच बराबरको शुल्क लिने गरी निर्धारण गरेको छ । यस्तै, मुआब्जा वितरणको कामसमेत अन्तिम चरणमा पुगेको छ । सरकारले चालु आवमा नै सो आयोजना निर्माण सुरु गर्ने तयारी गरेको छ ।

आयोजना निर्माणका लागि वित्तीय तथा निर्माण ढाँचाका सन्दर्भमा तत्काल टुङ्गो लगाउने उद्देश्यका साथ शुक्रबार मन्त्रालयमा छलफल भएको हो । ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले शेयर संरचनाको विषयमा तत्काल टुङ्गो लगाएर ल्याउन बूढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत जगत श्रेष्ठलाई निर्देशन दिए । यस्तै, आन्तरिक लगानीका लागि कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, बैंक तथा वित्तीय संस्था, नेपाल टेलिकमलगायतका सङ्घ संस्थासँग पनि तत्काल छलफल गरी कुन निकायले के कति लगानी गर्नसक्ने अवस्था छ त्यसको निर्क्योल गर्न निर्देशन दिए ।

यस्तै, आयोजना व्यवस्थापनका लागि अन्तर्राष्ट्रियस्तरको परामर्शदाता चयन तथा परियोजना व्यवस्थापकको प्रबन्ध गर्न निर्देशन दिएका छन् । आयोजना स्वदेशी लगानीमा नै निर्माण गर्ने सरकारको तयारी छ । हालसम्म वितरण भएको मुआब्जालाई सरकारी लगानी मानेर आयोजनालाई लगानीयोग्य बनाउने कि वा अरु कुनै विकल्प तय गर्ने भन्ने बारेमा निष्कर्ष निस्कन भने बाँकी रहेको छ । आयोजनालाई तत्काल गति दिन प्रभावित धादिङ र गोरखाका स्थानीयवासीले आग्रह गर्दै आएका छन् ।

सरकारले आयोजनास्थल गोरखाको गण्डकी गाउँपालिकाको सिउरेनीटारमा कार्यालयसमेत स्थापना गरी काम गरिरहेको छ । मन्त्री बस्नेतले युद्धस्तरमा आवश्यक तयारी गरेर कार्ययोजनासहित आगामी बैठकमा पेश गर्न कम्पनीका प्रमुख कार्यकारी अधिकृत र मन्त्रालयका उच्च अधिकारीलाई निर्देशन दिए ।

पछिल्लो परिस्कृत विवरणअनुसार आयोजनाको कूल लागत रु तीन खर्ब ८० अर्ब बराबर रहने बताइएको छ । त्यसमा मुआब्जा, पुनः स्थापना तथा पुनर्वासका लागि मात्रै रु ७३ अर्ब बराबरको खर्च हुने बताइएको छ । पेट्रोलियम पदार्थबाट मात्रै रु एक खर्ब ८० अर्ब बराबरको स्रोतको जोहो हुने सरकारको बुझाइ छ । मुआब्जा तथा पुनर्वासका लागि खर्च भएको रकमलाई सरकारले 'भायविलिटी ग्याप फण्ड' मा राखेर आवश्यक निर्णय गर्न सकिए सहज हुने प्रमुख कार्यकारी अधिकृत श्रेष्ठको भनाइ छ ।

एकै पटक ठूलो रकम नचाहिने तथा क्रमशः बजेट उपलब्ध गराउँदै जाने भएकाले पनि तत्काल आयोजनाको निर्माण सुरु गर्ने गरी आवश्यक तयारी गर्न ऊर्जामन्त्री बस्नेतले सम्बद्ध अधिकारीलाई आग्रह गरे । आयोजना निर्माणका लागि करिब आठ बर्ष लाग्ने अनुमान छ । सो अवधिभित्र आन्तरिक स्रोतबाट नै लगानी जुट्न सक्ने देखिन्छ । यस्तै, सरकारले गठन गरेको एक कार्यदलले झण्डै रु ३५ अर्ब बराबरको रकम व्यावसायिक वा सहुलियतपूर्ण ऋण लिन सकिने सिफारिस गरेको छ ।

हालसम्म भए गरेका सबै अध्ययन तथा कार्यदलको प्रतिवेदनलाई एकमुष्ठरूपमा अध्ययन गरी तत्काल प्रक्रिया अगाडि बढाउन कुनै समस्या नहुने प्रमुख कार्यकारी अधिकृत श्रेष्ठको भनाइ छ । यस्तै, मन्त्रालयका सहसचिव नविनराज सिंहले आयोजनाको व्यवस्थापनका लागि कुनै समस्या नरहेको जानकारी दिए । छलफलमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपाल सिग्देलले स्थानीयवासीको माग कानुनअनुसार सम्बोधन गर्ने, कर्मचारी व्यवस्थापन, लगानीको उपयुक्त विधि तथा शेयर स्वामित्वका विषयमा तत्काल निर्णय गर्नुपर्ने बताए ।

# ५५ लाखभन्दा बढीले लिए प्यान

**काठमाडौं (प्रस)–** 'स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन : सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन' भन्ने नाराका साथ राष्ट्रिय कर दिवस शुक्रबारदेखि सप्ताहव्यापी रूपमा मनाइने भएको छ ।

आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयमा एक सातासम्म करदाता शिक्षासँग सम्बन्धित विभिन्न कार्यक्रम गर्ने र मङ्सिर ७ गते उत्कृष्ट करदातालाई सम्मानित गरिने जनाइएको छ । विभागअन्तर्गत एउटा ठूला करदाता कार्यालय, एउटा मध्यमस्तरीय करदाता कार्यालय, ४३ वटा आन्तरिक राजस्व कार्यालय र ३९ वटा करदाता सेवा कार्यालय गरी कूल ८४ वटा कार्यालय सञ्चालनमा रहेका छन् ।

विभागका अनुसार गत आर्थिक वर्ष २०७९/८० सम्ममा व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिएका करदाताको संख्या ५५ लाख २५ हजार नौ सय १९ रहेको छ । जसमध्ये व्यावसायिक स्थायी लेखा नम्बर (बी-पान) लिएका करदाताको संख्या १८ लाख ७६ हजार तीन सय पाँच र व्यक्तिगत स्थायी लेखा नम्बर (पी-पान) लिने करदाताको संख्या ३६ लाख ४९ हजार छ सय १४ रहेको छ ।

गत आर्थिक वर्ष २०७९/८० मा सरकारले कूल रु नौ खर्ब ५७ अर्ब बराबर राजस्व असुली गरेकोमा आन्तरिक राजस्व विभागबाट उठेको राजस्व मात्र रु चार खर्ब ७९ अर्ब बराबर थियो । जुन सरकारको कुल वार्षिक राजस्व असुलीको ५० दशमलव १२ प्रतिशत बराबर हो । गत आव सरकारले विभागलाई रु छ खर्ब २६ अर्ब ६१ करोड बराबर राजस्व असुलीको लक्ष्य दिएकोमा लक्ष्यको ७६ दशमलव ५७ प्रतिशत अर्थात् रु चार खर्ब ७९ अर्ब ७९ करोड बराबर राजस्व उठेको विभागले जनाएको छ ।


## भोक्राहा नरसिंह गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८०/०८/०२

यस गाउँपालिकाबाट तपसिलको कार्यका लागि प्रभाव राष्ट्रिय दैनिकमा मिति २०८०/०६/०८ गते प्रकाशित ई-बिड (E-Bid) दरभाउपत्र सूचना बमोजिम प्राप्त भएका सम्पूर्ण दरभाउपत्रहरु मध्ये तपसिलको सफल दरभाउपत्रदाताले पेश गरेको दर भाउपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भई आएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सम्बन्धित सरोकारवालाहरुलाई जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

| सि.नं. | ठेक्का नं.- यो जनाको नाम | दरभाउपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक रकम (भ्याट र पि.एस. बाहेक) |
|---|---|---|---|
| १. | ०१/०८०/०८१ औषधीजन्य सामाग्री खरिद | Dalima Medisales Pvt. Ltd., Kathmandu-10, Durga Marga | NPR. 10,56,355.00 (Ten Lakhs Fifty Six Thousands Three Hundred Fifty Five only.) |

प्रमुख प्रशासकीय अधिकृत


# सवस्टेसन निर्माण सम्पन्न गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकाभित्र सहजरूपमा विद्युत् आपूर्तिका लागि महत्वपूर्ण मानिएको सिन्धुपाल्चोकको बाह्रबिसेमा निर्माणाधीन एक सवस्टेसनको निर्माण तत्काल सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरणले आवश्यक निर्देशन दिएको छ ।

कूल २२०/१३२ केभी क्षमताको सो सवस्टेसन निर्माण तत्काल सम्पन्न गर्न प्राधिकरणले निर्माण व्यवसायीलाई आवश्यक ताकेता गरेको छ । प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माण भइरहेको एक सय दुई मेगावाट क्षमताको मध्यभोटेकोशी जलविद्युत् विद्युत् खेर जाने अवस्था आएपछि प्राधिकरणले तत्काल निर्माण सम्पन्न गर्न निर्देशन दिएको हो । सो आयोजनाको बिजुली खेर जान नदिन आवश्यक प्रक्रिया तत्काल अगाडि बढाउन र आवश्यक काम गर्न व्यवसायीलाई उच्च व्यवस्थापनले ताकेता गरेको हो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान सम्मिलित प्राधिकरणको उच्चस्तरीय टोलीले बिहीबार सबस्टेसन निर्माणस्थलको अनुगमन गरी बाँकी कामहरू तत्काल सम्पन्न गर्न निर्देशन दिएको छ । उक्त टोलीले आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग निर्माणमा देखिएका समस्या, उपकरण आपूर्तिको अवस्था, निर्माण सम्पन्न हुने तालिकालगायतका विषयमा छलफल गरेको थियो । सबस्टेसनको निर्माण आगामी माघको पहिलो हप्ताभित्र सम्पन्न गर्ने तालिका तय गरिएको छ ।

कार्यकारी निर्देशक घिसिङले निर्माण व्यवसायीले पछिल्लो समयमा आफ्नो कार्यसम्पादनमा सुधार गरी सबस्टेसन निर्माणमा राम्रो प्रगति हासिल गरेको बताए । घिसिङले सबस्टेसनमा राखिने उपकरणहरू सम्पूर्ण आपूर्ति भइसकेको र केही जडान पनि भइसकेको अवस्थामा जनशक्ति थप गरी जडान कार्यलाई तीव्रता दिन निर्देशन दिए ।

'मध्यभोटेशी विद्युत् उत्पादन सुरु गर्ने अवस्थामा पुगेको छ, आयोजनाबाट विद्युत् उत्पादन सुरु हुनुभन्दा पहिले नै सबस्टेसन निर्माण सम्पन्न गर्नुपर्छ', उनले भने, 'काठमाडौं उपत्यका नजिक रहेको मध्यभोटेकोशीले यस वर्षको सुख्खायामको विद्युत्को माग धान्नका लागि ठूलो सहयोग गर्छ, त्यसैले सबै गम्भीर भएर सबस्टेसन निर्माणमा लागेर आयोजनाको विद्युत् जतिसक्दो छिटो जोड्ने अवस्थामा पुगौँ, हाम्रोतर्फबाट आवश्यक सहयोग र सहजीकरण गर्न तयार छौँ ।'

बाह्रबिसे सबस्टेसन निर्माण ठेक्का पाएको चिनियाँ कम्पनी ग्वाङ्सी ट्रान्समिसन एण्ड सबस्टेसन कन्ट्रक्सन तथा सेन्जेन क्लाउ इलेक्ट्रोनिक्सको संयुक्त उपक्रमको कमजोर कार्यसम्पादनका कारण सबस्टेसनको निर्माण ढिलाइ हुँदै आएको छ । प्राधिकरणले कार्यसम्पादनमा सुधार्न पटकपटक दिएको निर्देशक निर्माण व्यवयासीले पालना नगर्दा सबस्टेसन निर्माण सम्पन्न हुने तालिका प्रभावित हुँदै आएको छ । प्राधिकरणले सबस्टेसनको निर्माण सम्पन्न नभई मध्यभोटेकोशीको विद्युत् जोड्न नसकिएमा त्यसको क्षतिपूर्ति निर्माण व्यवसायीबाट भराउने चेतावनी दिँदै आएको छ ।

सबस्टेसनमा राखिने पावर ट्रान्सफर्मर जडान भइसकेका छन् । सबस्टेसनमा २२०/१३२ केभी, १६० एमभीए र १३२/११ केभी, ५ एमभीएका पावर ट्रान्सफर्मर राखिएका छन् । ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित सबस्टेसनका उपकरण जडान भइरहेका छन् । नियन्त्रण कक्षमा रहने सम्पूर्ण उपकरण निर्माणस्थलमा आपूर्ति भइसकेका छन् भने भने जडान बाँकी छ । सिभिलतर्फको फिनिसिङ काम बाँकी छ । कूल २२०/१३२ केभी सबस्टेसन निर्माणको समग्र प्रगति करिब ९० प्रतिशत छ । बाह्रबिसेमै चार सय केभीको अर्को सबस्टेसन पनि निर्माणाधीन छ ।

कार्यकारी निर्देशक घिसिङको टोलीले मध्यभोटेकोशी जलविद्युत् आयोजनाको पनि अनुगमन गरेको थियो । आयोजना पुसभित्र सम्पन्न गर्ने गरी अन्तिम चरणका काम भइरहेका छन् । मध्यभोटेकोशीबाट उत्पादित विद्युत् दुई सय २० केभी प्रसारण लाइनमार्फत बाह्रबिसे सबस्टेसनमा जोडिनेछ । आयोजनाले आफ्नो विद्युत्गृहको स्वीचयार्डबाट बाह्रबिसे सबस्टेसनसम्मको करिब चार किलोमिटर लामो २२० केभी सिङ्गल सर्किट प्रसारण लाइनको टावर निर्माण गरिसकेको छ । प्रसारण लाइनको करिब दुई किलोमिटर तार तानिएको छ ।

बाह्रबिसे नगरपालिका-३ र ४ स्थित पलाँतीका स्थानीय बासिन्दाको अवरोधका कारण दुई किलोमिटर तार तान्न नसकिएको मध्यभोटेकोशी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) रामगोपाल शिवाकोटीले बताए । समस्या समाधानका लागि स्थानीयसँग निरन्तर छलफल भइरहेकाले छिट्टै सहमतिमा पुग्ने विश्वास उनले व्यक्त गरे ।

प्राधिकरणले मध्यभोटेशीको विद्युत् प्रवाहका लागि अस्थायीरूपमा वैकल्पिक व्यवस्था गरेको छ । तर, त्यसका लागि पनि २२०/१३२ केभी बाह्रबिसे सबस्टेसनको निर्माण अनिवार्य छ । २२ मेगावाटको माथिल्लो चाकू ए जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी शिवश्री हाइड्रोपावरले निर्माण गरेको १३२ केभी सिङ्गल सर्किट प्रसारण लाइनलाई डबल बनाउन लागिएको छ । शिवश्री हाइड्रोपावरले लामोसाँघु सबस्टेसनबाट बाह्रबिसेसम्म बनाउनुपर्ने उक्त लाइनको काम तत्काल सुरु गर्न प्राधिकरणको उच्चस्तरीय टोलीले आग्रह गरेको छ ।

कम्पनी करिब १० किलोमिटर लाइनमध्ये सात किलोमिटर तार तान्नुपर्नेछ भने बाह्रबिसे बजार नजिकबाट सबस्टेसनसम्म करिब तीन किलोमिटर नयाँ प्रसारण लाइन बनाउनुपर्नेछ । यसका लागि प्रसारण लाइनका सम्पूर्ण उपकरण आपूर्ति भइसकेका छन् । कार्यकारी निर्देशक घिसिङले उक्त प्रसारण लाइनमा पर्ने टावर निर्माणको काम तत्काल सुरु गर्न कम्पनीका प्रतिनिधिलाई आग्रह गरे ।

तामाकोशी तथा सुनकोशी नदी र ती नदीका सहायक खोलानालाको जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न तामाकोशी-काठमाडौं प्रसारण लाइन र सबस्टेसन निर्माण सुरु गरिएको हो । एशियाली विकास बैंकको सहुलितपूर्ण ऋणमा प्रसारण लाइन तथा सबस्टेसनको निर्माण भइरहेको छ । तामाकोशी-काठमाडौं २२०/४०० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत रामेछापस्थित नयाँ खिम्ती सबस्टेसनबाट बाह्रबिसेसम्म ४४ किलोमिटर प्रसारण लाइन निर्माणाधीन छ । प्रसारण लाइनमा पर्ने ११८ वटा टावरमध्ये १३ वटाको मात्र निर्माण बाँकी छ ।


नेपाल सरकार
## कारागार कार्यालय
महेन्द्रनगर, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकासित मिति २०८०/०८/०२

यस कार्यालय द्वारा मिति २०८०/०६/२० गते राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आब्हान सम्बन्धी सूचना अनुसार www.bolpatra.gov.np/eGP मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये सबै भन्दा न्यून मूल्यमा कबोल गर्ने तपसिल बमोजीमको बोलपत्रदाताको बोलपत्र रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना प्रकाशन गरिएको छ ।

| सि. न. | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | POMNR/WORKS/ NCB/080-081/01 | Dormitory Building Finishing work and Burga, Septic tank Con | New Bashuling Nirman Sewa Bheemdatt-18, Kanchanpur | 52,78,608.98 |
| 2 | POMNR/WORKS/ NCB/080-081/02 | Office Building Construction Work | Lumbini Builders Bheemdatt-18, Kanchanpur | 29,86,003.53 |

Prison Administrator



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ